# चापाकोट नगरपालिका
# नगरकार्यपालिकाको कार्यालय
# चापाकोट, स्याङ्जा
# गण्डकी प्रदेश

## आर्थिक वर्ष २०८२।८३ को
## वार्षिक नीति तथा कार्यक्रम

<u>१७ औं नगरसभामा पेश गरिएको आगामी आ.व. २०८२/८३ को नीति तथा कार्यक्रम</u>

१. चापाकोट नगरपालिकाको आ.व.२०८२/८३ को १७ औं नगरसभा समारोहमा उपस्थित यस नगरका उप-प्रमुखज्यू, प्रमुख प्रशासकीय अधिकृतज्यू, वडाध्यक्षज्यूहरु, कार्यापालिका सदस्यज्यूहरु, नगर सभा सदस्यज्यू र कर्मचारी मित्रहरुमा यो भव्य समारोहमा यहाँहरुको गरिमामय उपस्थिति प्रति हार्दिक आभार तथा सम्मान प्रकट गर्दछु ।
२. नेपालको संविधानले नेपाल संघीय लोकतन्त्रिक गणतन्त्रको स्थापना र स्थानीय स्वशासनको लागि नेपाली जनताले गर्दै आएको ऐतिहासिक जनअन्दोलनमा जीवन बलिदान गर्नुहुने सम्पुर्ण ज्ञात अज्ञात सहिदहरुप्रति भावपुर्ण श्रद्धाञ्जली अर्पण गर्दछु। मुलुकको सार्वभौमिकता भौगोलिक अखण्डता, राष्ट्रिय एकता, स्वाधिनता र स्वाभिमानको कठिन परिस्थितिमा त्याग र नेतृत्व गर्नुहुने आदरणिय अग्रजहरुप्रति उच्च सम्मान प्रकट गर्दछु ।
३. नेपाल जस्तो न्युन आय भएको मुलकले ठुलो मात्रमा आर्थिक संकट सामना गर्नु परिरहेको छ, त्यसको प्रत्यक्ष असर आगामी आर्थिक वर्षको लागि संघ तथा प्रदेशबाट स्थानीय तहहरुमा हुने वित्तिय हस्तान्नतरणमा कटौती र चालु आर्थिक बर्षमा निकासा हुनुपर्ने अनुदानहरु उल्लेखनीय मात्रामा भएको कटौतीबाट प्रष्ट हुन्छ ।
आदरणीय नगर सभा सदस्यज्युहरु
४. स्थानीय निर्वाचन, २०७९ बाट निर्वाचित भएर आएपश्चात् कार्यकालको तेश्रो वर्ष समेत व्यतित भई चौथो वर्षमा प्रवेश गर्दै छौ। हामी निर्वाचनको समयमा गरेको प्रतिवद्धता पुरा गर्ने कठिन परिक्षाको मोडमा छौ ।हाम्रो आपसी सदभाव, समन्वय र सहकार्यबाट मात्र हामीले सोचेको र जनताले हामीबाट गरेको अपेक्षा सम्बोधन हुन सक्दछ । सर्वपरि विकासले मात्र चापाकोट नगरपालिकाको मुहार फेरिनेमा दुईमत नहोला। तसर्थ त्यसतर्फ हाम्रा पाइलाहरु अघि बढ्नु पर्नेमा जोड दिन चाहन्छु ।
५. हाम्रा असिमित समस्याहरुलाई सिमित श्रोत र साधनको माध्यमबाट समाधान गर्न कठिन रहेको छ ।वर्तमान सरकारको परिकल्पना **"समृद्ध नेपाल सुखि नेपाली"** को राष्ट्रिय आकांक्षा पुरा गर्न हामी दृढ अठोटका साथ अघि बढिरहेका छौं । हाम्रो नीति तथा कार्यक्रम पनि सोही अनुरुप परिलक्षित रहेको छ ।

६. नेपाल सरकारले हाम्रो आस्थाको धरोहर हाम्रो भुमि भएर सदियौ देखि जल प्रवाह भई राखेको कालीगण्डकी नदीलाई राम्दीबाट डाईभर्सन गरि रुपन्देही र कपिलवस्तुमा सिंचाई गर्ने बहानामा गंगाको बहाव परिवर्तन गर्ने जुन कुचेष्टा भईराखेको छ, त्यसको हामी घोर भर्त्सना गर्दछौ, कालीगण्डकी नदि हाम्रो धार्मिक नदी हो । राम्दी देखि देवघाँट सम्मका सयौं तपोभुमि देवभुमि र ऋषिमुनिहरुको आश्रयस्थल रहेको र सो क्षेत्रमा बसोवास गर्ने नागरिकहरुको मनोभावना र धार्मिक आस्थालाई कुल्चेर डाईभर्सन गरिने कार्य अत्यन्तै निन्दनीय कार्य भएको र सो कार्य नगर्न संघीय सरकारमा हार्दिक अनुरोध गर्दछु ।
सभाका सदस्यज्युहरु,
७. आगामी आ.व २०८२/८३ को बार्षिक नीति तथा कार्यक्रम प्रस्तुत गर्नु अघि हाल सम्म भएको मुख्य उपलव्धीहरु उल्लेख गर्न चाहान्छु।

- नगरपालिका भित्रका ६०० घरपरिवारका विपन्न नागरिकहरुलाई निशुल्क स्वास्थ्य बिमा गरिएको छ ।
- चापाकोट अस्पतालमा आँखा तथा दन्त स्वास्थ्य इकाई, सर्पदंश उपचार केन्द्रको स्थापना गरिएको छ। चौवीसै घण्टा एम्वुलेन्स सेवा सञ्चालनमा ल्याई सुत्केरी महिलाहरुको लागि निशुल्क एम्वुलेन्स सेवा उपलब्ध गराईएको छ।
- अस्पतालमा मृत शरीर सुरक्षित तवरले राख्नको लागि मर्च्युरी मेशीन खरीद गरि सेवा सुचारु गरिएको छ ।

- चापाकोट अस्पतालको सेवा विस्तार गर्नको लागि बहिरंग सेवा, अप्रेशन कक्ष निर्माण,प्रयोगशाला भवन र विरामीको लागि वेडको व्यवस्थापन गर्न जग्गा अभाव भएकोले अस्पातलसँग जोडिएका जग्गाहरु प्राप्तिको लागि पहल गरीएको छ ।
- चापाकोट नगरपालिकाको ५० प्रतिशत अनुदानमा कृषकहरुलाई धानको बीउ, मौरी घार, कृषि यान्त्रीकरण अन्तर्गत हाते ट्र्याक्टर, उखु पेल्ने मेसिन लगाएतका यन्त्रहरु वितरण गरिएको छ ।
- कृषि क्याम्पस सञ्चालनको लागि केन्द्र सरकारसँगको समन्वयमा भवन निर्माण कार्य सुचारु गरिएको छ।
- पहाडी क्षेत्रकै लामो नहर मानिएको चापाकोट टार सिंचाई योजनाको मुल नहर यसै वर्षको वर्षातमा क्षतविक्षत भएकोमा जनप्रतिनिधि र कृषकहरुको पहलमा तत्काल मर्मत सम्भार गरि सम्भावित खाद्यान्न संकटलाई समाधान गरिएको छ ।
- महामारी रोगको रुपमा फैलिने सम्भावना भएका रोगहरुको विरुद्ध लगाईने खोपहरु सबै पशुपालक किसानहरुको घरघरमा गई सेवा उपलव्ध गराईको छ ।
- समुदायमा छाडा छोडिएका कुकुरहरुको बन्ध्याकरण शिविर सञ्चालन गरि कुकुरको टोकाईवाट रेबिज रोग लाग्ने सम्भावनालाई न्युनीकरण गरिएको छ ।
- नगरपालिकाको आयोजनामा मेयरकप र राष्ट्रपति रनिङशिल्ड अन्तर्गत भलिबल ,क्रिकेट,व्याडमिन्टन र फुटबल लगाएतका प्रतियोगिता सञ्चालन गरिएको छ।
- यस नगरपालिकामा स्थानीय पाठ्यपुस्तक छपाई गरी कक्षा १-५ मा लागु गरीएको छ।
- प्रधानमन्त्री रोजगार कार्यक्रमवाट चापाकोट नगरपालिकाका ५ वटा अति विपन्न परिवारलाई आवास निर्माण अनुदानमा उपलव्ध गराईएको छ ।
- ४० जना युवाहरुको लागि स्वरोजगारी सम्बन्धि प्लम्बिङ र ईलेक्ट्रिशियन तालीम प्रदान गरिएको छ ।
- वडा नं ७ मा टपरी वनाउने तालीम सञ्चालन गरी टपरी वनाउने मेशीन उपलव्ध गराईएको छ ।
- वडा न ६,८ र १० मा भैसीपालन सम्बन्धि तालिम प्रदान गरि दुग्ध जन्य उत्पादनलाइ आय संग जोडिएको छ
- ज्येष्ठ नागरिकहरुको लागि उपलव्ध गराईने सामाजिक सुरक्षा भत्तालाई विश्वसनीय बनाउनको लागि बायोमेट्रिक मेशीन खरीद गरी सवै वडाहरुमा जडान गरिएको छ ।
- चापाकोट नगरपालिका वडा नं ०९ मा वैडी मा.वि देखि निर्दीम पक्की पुलसम्म जाने मोटर बाटो निर्माण कार्य सम्पन्न गरिएको छ ।
- सिम्रिङकोट पर्यटकीय पार्कलाई वातावरमैत्री पर्यावरणीय सन्तुलन कायम गरि स्तरीय पार्क निर्माणको काम शुरुवात गरिएको छ ।
- ज्यागदी दोभान देखि पटसार जाने सडक स्तरोन्नती काम सम्पन्न गरिएको छ।
- वडा नं.२ ठाँटी भञ्याङ-रानीपोखरा-ठुलो पोखरा चण्डयान सडक निर्माण प्रक्रियामा रहेको छ ।
- सेवाग्राहीको सहजताको लागि चाहिने आवश्यक कागजातहरुको बारेमा जानकारी सहित नगरपालिकामा डिजिटल नागरिक बडापत्र सञ्चालन गरिएको छ ।

अब म **सकारात्मक सोच सहितको समुन्नत चापाकोट** भन्ने मुल नारा सहित विषयगत रुपमा हामीले अंगिकार गर्ने नीति तथा कार्यक्रम यहाँहरु समक्ष पेश गर्दछु ।

क) आर्थिक विकास नीतिः-

८. कृषि तथा पशु विकास कार्यक्रमः-

- आर्थिक समृद्धको पहिलो आधार कृषि भन्ने मुल नाराका साथ कृषि उत्पादनमा व्यवसायिकरण, विविधिकरण, आधुनिकिकरण, यान्त्रिकरण तथा बजारीकरणलाई विशेष जोड दिँदै सामुहिक खेति प्रणाली, सामुहिक पशुपालनको विकास गरि कृषि र पशु क्षेत्रलाइ आत्मनिर्भर र मर्यादित बनाउने नीति अवलम्बन गरिने छ।
- संघीय सरकार र गण्डकी प्रदेश सरकारको सहकार्यमा कृषि पकेट क्षेत्र ,विउ विजन उत्पादन पकेट क्षेत्र , दुग्ध उत्पादन क्षेत्र र मौरी पालन सम्वन्धि कार्यक्रम सञ्चालन गरिने छ र दुध र दुधका परिकारहरुको उत्पादन र निर्यात गर्नको लागि विशेष कार्यक्रम सञ्चालन गरिनेछ।
- कृषक परिचयपत्र प्रदान गरी व्यवसायिक किसानहरुलाई व्यवसाय प्रवर्द्धनमा जोड दिईनेछ।
- गण्डकी प्रदेश सरकारको सहयोगमा वडा नं.०८ मा निर्माणाधीन चिस्यान केन्द्र निर्माण गरि सञ्चालनमा ल्याईनेछ ।
- प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजनाको सहकार्यमा काष्ठफल र फलफुल बगैचा व्यवस्थापन तथा संरक्षण कार्यक्रम सञ्चालन गरिनेछ।
- नगर क्षेत्रभित्र रहेका सहकारी संस्थाहरुलाई जनताको सुख दुखको साथी संस्थाको रुपमा विकास गरि सहकारीहरुलाई भरोसा योग्य संस्थाको रुपमा विकास गर्न आवश्यक पहल गरिनेछ ।
- कृत्रीम तथा प्राकृतिक गर्भादान सेवा विस्तार गरि उन्नत नश्लका पशुहरुको संख्यामा वृद्धि गरिने छ।
- पशु स्वास्थ्य उपचारको लागि विभिन्न खोप कार्यक्रमलाई अभियानको रुपमा संचालन गरिनेछ।
- दुध उत्पादनमा आधारित प्रोत्साहन अनुदान कार्यक्रम लागु गरिनेछ।
- पशु चौपायामा देखिने माहामारी जन्य रोग नियन्त्रणको लागि आवश्यक सतर्कता सहित पुर्वतयारि सथै नियमित रुपमा पशु शिविर सञ्चालन गरि गाँउघरमा पशुमा देखिने रोग नियन्त्रण गरिने छ।
- ५० प्रतिशत अनुदानमा कृषक लक्षित कार्यक्रमहरु संचालन गरिनेछ ।

९. उद्योग, सहकारी तथा पर्यटन विकास कार्यक्रम

- नगरलाई आर्थिक रुपले आत्मनिर्भर बनाउन नगर क्षेत्र भित्र उद्योग स्थापनाका लागि उद्योगमैत्री निति अवलम्बन गरिने छ।
- गरिबिको रेखामुनि रहेका तथा पुर्ण बेरोजगारलाई सिर्जनात्मक काममा परिचालन गर्न उद्यमशिल तालिमको माध्याम बाट स्वरोजगार र उद्यमशिलता प्रबर्द्धन गरिनेछ ।
- लघुउद्यम विकास कार्यक्रम मार्फत महिलाहरुलाई लक्षित गरि आत्मनिर्भर कार्यक्रमसँग जोडदै लगिनेछ ।
- वितिय साक्षरता र ज्ञान वृद्धिका लागि वित्तिय संस्था तथा सहकारीहरुलाई आधारभुत तथा विशेष तालिमको व्यवस्था गरिनेछ
- संघ र प्रदेश सरकारको सहकार्यमा शितलटार पार्क,रामडाडा, भ्युटावर र मण्डलीथान पर्यटकीय क्षेत्रलाई नगरपालिकाको प्रमुख पर्यटकीय गन्तव्यको रुपमा विकास गरीनेछ। सिम्रिङकोट पर्यटकीय पार्कमा गण्डकी प्रदेश सरकारको सहकार्यमा पर्यापर्यटनको अवधारणा अनुसार पुर्वाधार निर्माण गरीनेछ ।
- राधादामोदर मन्दिर केलादी धामलाई वैष्णव सम्प्रदायको मुख्य केन्द्रको रुपमा विकास गरीनेछ साथै रामघाट, मणिमुकुन्देश्वर, खोरियाघाट, जोगिकुटि मन्दिर, आँधिघाट भक्तेश्वर मन्दिर र मल्याङ्कोट मन्दिरलाई धार्मिक तथा पर्यटकीय क्षेत्रको रुपमा अगाडी बढाइनेछ ।

- स्थानीय स्तरमा गठन भएका आमा समुह ,बालक्लव, युवा क्लव, गैरसरकारी संस्थाहरुसंग स्थानीय उत्पादन, सरसफाई, खेलकुद कार्यक्रम र संस्कृति संरक्षण कार्यहरुमा सहकार्य गरि कार्यक्रम सँचालन गरिनेछ ।
- फरक क्षमता भएका व्याक्तिहरुलाई हरेक क्षेत्रमा बिशेष प्राथमिकता दिइनेछ ।
- संघ संस्थाहरुको कार्यलाई व्यवस्थित तवरवाट संचालन गर्नको लागि संस्था दर्ता संचालन कार्यविधी तयार गरी संस्थाहरुको वार्षिक कार्ययोजना ,लेखापरीक्षण प्रतिवेदन र साधारण सभा गरेपश्चात मात्र नविकरण गर्ने व्यवस्था गरिनेछ ।

**ख. पुर्वाधार विकास क्षेत्र**

**१०. यातायात तथा पुर्वाधार**

- नगरस्तरीय यातायत गुरुयोजना तयार गरिनेछ। साथै उक्त गुरुयोजनाबाट निर्दिष्ट गरिएका सवै सडकहरुको Right Of Way निर्धारण गरि त्यसको प्रभाकारी कार्यान्वयन गरिनेछ ।
- आवधिक योजना तयार गरि प्रभावकारीरुपमा कार्यान्वयन गरिनेछ।
- सवै वडाहरुलाई समेटने गरि चापाकोट चक्रपथको आवधारणालाई संघ सरकारको सहकार्यमा कार्यान्वयन गरिने छ ।
- चापाकोट नगरपालिकाको सबै वडा केन्द्र देखि नगरपालिकाको केन्द्र जोडने सडकहरुलाई मुख्य प्राथमिकताको साथ स्तरोन्नती गरिनेछ । वडा केन्द्र देखि नगरपालिका केन्द्र सम्म बाह्रै महिना यातायात सुचारु गरिनेछ ।
- वडा नं १ र ३ को प्रशासनिक भवन प्रदेश सरकारसंगको समन्वय र सहकार्यमा सम्पन्न गरिनेछ। साथै वडा नं ४ र ६ को प्रशासनिक भवनको निर्माण कार्य अगाडी वढाइ २०८४ भित्रै सम्पन्न गरिनेछ ।
- चापाकोट नगरपालिका सुन्तलीटार बजार देखि निर्दीम पक्की पुल जाने बाटो लाई पुर्ण रुपमा कालोपत्रे गरिनेछ ।
- प्रदेश सरकारको सहकार्यमा समपुरक बजेट मार्फत वडा नं.१ र १० जोडने बारीकुना रोग्दी ठाँटी रोग्दीछाँप जोडने सडक निर्माण कार्यको शुरुवात गरिनेछ ।
- संघीय सरकारको कार्यक्रमबाट निर्दीम पक्कीपुल देखि माथिल्लो माडी तल्लोमाडी हुदै दामाचौर जोडने सडक निर्माण गरीनेछ ।
- काइयो गैरा देखि बजेदि दार्सिङ हुदै सेखाम जोड्ने सडक संघ सरकार समपुरक योजना अन्तर्गत स्तरोन्नती गरिनेछ ।
- संघीय सरकार गण्डकी प्रदेश सरकारको सहकार्यमा दामाचौर ज्याग्दी हुदै विरुवा जोडने ज्याग्दी करिडोर सडक निर्माणको सुरुवात गरिनेछ ।
- दामाचौर धुर्केट किनारे हुदै मन्डलिथान सडक स्तरोन्नतीको कार्यलाइ निरन्तरता दिइनेछ ।
- किनारे दिसिङकोट हुदै दार्सिङ सडक प्रदेश सरकारको सहकार्यमा सम्पन्न गरिनेछ ।
- मिर्दि भिमाद सडक अन्तर्गत चापाकोट खण्डको सडक निर्माणको लागि माथिल्लो निकाय संग समन्वय गरि कार्य अगाडि बढाइनेछ ।
- यस नगरपालिकाको मुख्य बजार क्षेत्रहरुमा सवारी दुर्घटना र चोरी लुटपाट जस्ता घटनाहरु नियन्त्रणमा सहयोग पुग्ने गरि सि.सि क्यामरा जडान गरिनेछ ।
- सडकबोर्डको सहकार्यमा सडक निर्माण र मर्मत सम्भार कार्यलाई निरन्तरता प्रदान गरिनेछ ।
- उपभोक्ता समितिलाई क्षमता विकासका लागि सबै वडाहरुमा तालिम र योजना सम्झौताका लागि सबै वडाहरुमा घुम्ती सेवा प्रदान गरिनेछ ।

**सामाजिक विकास क्षेत्र**

**११. शिक्षा युवा तथा खेलकुदः**

**विकासको सुत्राधारः शिक्षा नै मुल आधार** भन्ने नाराका साथ आगामी आर्थिक वर्ष देखि शिक्षा क्षेत्रको गुणस्तर सुधारको लागी अभियानात्मक कार्यक्रम संचालन गरिनेछ।

- नगर क्षेत्रभित्रका विद्यालयहरुलाई वालमैत्री विद्यालय वनाउनको लागी आवश्यक तालिमहरु संचालन गरीनेछ ।
- यस नगरपालिकामा स्थानीय पाठ्यक्रम तयार गरि कक्षा ६-८ मा लागु गरिनेछ।
- परिक्षा प्रणालीलाई थप व्यवस्थित वनाउनको लागी विभिन्न तहको एकिकृत प्रश्न पत्र निर्माण विज्ञ रोष्टर प्रश्न वैकको निर्माण जस्ता कार्यलाई व्यवस्थित गरिनेछ ।
- शिक्षण सिकाई क्रियाकलपलाई आधुनिक प्रविधि मैत्री वनाउदै लगिने छ।
- माध्यमिक तह अध्ययनरत विद्यार्थीहरुलाई मनोसामाजिक परामर्श तालीम लगायत विविध उत्प्रेरणात्मक तालिमहरु प्रदान गरीनेछ ।
- विद्यालयहरुमा पढदै, सिक्दै र कमाउदै कार्यक्रमहरु संचालन गरीनेछ।
- प्राविधिक शिक्षा अध्ययन गर्न चाहाने विपन्न विद्यार्थीहरुलाई छात्रवृति प्रदान गरिनेछ ।
- खेल क्षेत्र र खेलाडिहरुको क्षमता विकासका लागि राष्ट्रपति रनिङ्ग शिल्ड, मेयरकप लगाएत विभिन्न खेलकुद कार्यक्रमहरुलाई निरन्तरता दिइने छ साथै विभिन्न संघ संस्थाहरुको सहकार्यमा खेलकुद कार्यक्रमहरु संचालन गरीनेछ ।
- नगरपालिकावाट राष्ट्रिय टोलीमा प्रतिनिधित्व गर्ने खेलाडीहरुलाई उचित सम्मान र प्रोत्साहन गरिनेछ ।
- यस नगरपालिकाको आयोजनामा शिक्षक सेवा आयोग र लोक सेवा आयोगले संचालन गर्ने परीक्षाहरुमा सहयोग पुग्ने गरी लोक सेवा आयोग र शिक्षक सेवा आयोगको तयारी कक्षाहरु संचालन गरिनेछ ।
- मेयर संग विद्यार्थी कार्यक्रम संचालन गरिनेछ ।
- नगर शिक्षा योजना निर्माण गरि सोहि अनुसार शैक्षिक गुणस्तरका कार्यक्रमहरु अगाडि बढाइनेछ ।

**१२. स्वास्थ्य क्षेत्र**

- सुत्केरी महिलाहरुलाई स्वास्थ्य संस्थासम्म जानको लागि निशुल्क एम्वुलेन्स सेवा कार्यक्रमलाई निरन्तरता प्रदान गरिनेछ ।
- विपन्न नागरीकहरुको लागि निशुल्क स्वास्थ्य विमा कार्यक्रमलाई निरन्तरता प्रदान गरिनेछ।
- वैकल्पिक स्वास्थ्य उपचार पद्धतिको रुपमा रहेको योगाभ्यासलाई सबै वडाहरुमा विस्तार गरीनेछ ।
- आयुर्वेद सेवाको घुम्ती शिविर कार्यक्रमलाई आगामी आ.व.मा पनि निरन्तरता प्रदान गरिनेछ ।
- **महिला स्वास्थ्य स्वयम सेविकाको सेवा स्वस्थ समाजको टेवा** भन्ने कुरालाई मध्यनजर गरी उच्च मनोवलका साथ काम गर्ने वातावरण बनाईनेछ ।
- चापाकोट नगर अस्पतालमा स्थापना गरिएको सर्पदंश उपचार केन्द्र व्यवस्थित गरिनेछ ।
- चापाकोट अस्पतालको जग्गा प्राप्तिको कार्य पुरा गरि भवन निर्माण अगाडी बढाइने छ ।
- खोप तथा खोप सामग्रीको आपूर्ति ब्यबथापन चुस्त दुरुस्त गरि २१ वटा खोप केन्द्रहरुबाट नियमित खोप सेवा प्रबाह गरि पूर्णखोप दिगोपना सुनिश्चित नगरपालिका बनाउन निरन्तरता दिंदै खोप सेवालाइ थप प्रभाबकारी बनाउँदै लगिनेछ।
- सुरक्षित मातृत्व सेवालाई प्रभावकारी बनाउदै घरमै हुने सुत्केरीको संख्यालाई शुन्यमा झर्नुको साथ साथै शत प्रतिशत संस्थागत सुत्केरीको अवस्थामा पुर्याइनेछ।मल्याङ्गकोट स्वास्थ्य चौकीको स्तरोन्नति गरि बिर्थिंग सेन्टर (Birthing Center) संचालन गरिनेछ ।

- ५वर्ष मुनिका वालवालिकाहरु तथा सुनौला हजार दिने आमाहरुलाई पोषण प्रवर्धन कार्यक्रम सञ्चालन गरि पोषणमैत्री स्वास्थ्य संस्था, वडा र नगरपालिका बनाउन निरन्तरता दिइनेछ।
- जनस्वास्थ्य प्रवर्धनमा महिला सामुदायिक स्वास्थ्य स्वयं सेविकाहरुको भूमिकालाई कदर गर्दै यातायात खर्च बापत मासिक रु २०००/- उपलब्ध गराउनुका साथै ६० वर्ष उमेर पुगेका स्वास्थ्य स्वयं सेविकाहरुको सम्मानजनक बिदाईलाइ निरन्तरता गरिनेछ।

**१३. वन वातावरण तथा विपद व्यवस्थापन**

- सामुदायिक वन,निजी तथा आवादी क्षेत्रमा रहेका वन पैदावारहरुलाई आय आर्जनको माध्यम बनाई संरक्षण र उपभोग गर्ने नीति लिईनेछ ।
- सबै वडामा विपद व्यवस्थापन पुर्व तयारीका लागि बजेट विनियोजन गरिनेछ ।
- विपद जति वेला पनि पर्न सक्छ भन्ने कुरालाई हेक्का राखी विपद सम्बन्धी पुर्व तयारीका कार्यहरुलाई विशेष जोड दिईनेछ । आगलागि नियन्त्रणको लागि पावर स्प्रे खरीद ,अग्नि रेखा निर्माण कार्य गरिनेछ । प्रकोप पछिको राहत तथा उद्दार र पुनर्स्थापना कार्यलाई विशेष जोड दिईनेछ ।स्थानीय सडकहरुको सरसफाई तथा मर्मतमा जोड दिईनेछ । प्रकोप हुन सक्ने क्षेत्रहरुको पहिचान गरी सम्भावित जोखिमहरु न्युनीकरण गर्न पहल गरिनेछ ।विपद व्यवस्थापनको लागी विपद व्यवस्थापन कोष सँचालन गरिनेछ ।
- वर्षातको समयमा जाने पहिरो ,भुक्षय वाट हुने जोखिम न्युनीकरण गर्न आवस्यक पहल गरिनेछ ।
- स्थानीय स्तरमा रहेका संघ संस्थाहरुको समन्वयमा शिक्षा स्वास्थ्य, खेलकुद,पर्यापर्यटन,वातावरण संरक्षण,जलचर संरक्षणका कार्यहरु गरीनेछ।

**१४. खानेपानी तथा सरसफाई**

- एक घर एक धारा नीति अनुरुप सबै घरघरमा शुद्ध पिउने पानीको कार्यलाई प्रदेश र संघ सरकारको सहकार्यमा खानेपानी व्यवस्थापनको कार्य आगाडी बढाईनेछ ।
- नगरपालिका भित्रका ठुला खानेपानी योजनाहरुलाई एकिकृत गरि खानेपानी व्यवस्थापनलाई सहज र सुलव बनाउने निति अवलम्वन गरिनेछ ।
- **फोहोरलाई मोहोर** भन्ने मुल नाराको साथ कुहिने र नकुहिने फोहोरलाई वर्गिकरण गरि ल्याण्डफिल्ड साईटलाई संचालनमा ल्याइनेछ ।

**१५. रोजगारी क्षेत्र**

- सके सम्म देशमै रोजगार गरौ जानै परे सुरक्षित रुपमा बैदेशिक रोजगारीमा जानेका लागि रेफरल सेवा नगरबाट प्रदान गरिनेछ ।
- अगामी बर्षबाट सुरक्षित आप्रवासी सामी कार्यक्रम संचालनमा ल्याइनेछ, जसबाट बैदेशिक रोजगारमा जादा परिस्थितिबस हुने दुर्घटना बाट पर्ने क्षति, उद्दार र राहतका लागि सहज रुपमा नगरबाट सेवा उपलब्ध गराइनेछ ।
- बेरोजगार न्युनिकरण र आय स्तरमा बृद्धिका लागि क्षमता विकास र जिवन उपयोगि सिप विकास तालिमलाई निरन्तरता दिइनेछ ।
- **श्रमको सम्मान राष्ट्रको अभियान** भन्ने मुल मन्त्रलाई ध्यानमा राख्दै श्रमजीवी व्यक्तिहरुको सम्मान वहाहरुको ज्ञान वुद्धि र विवेकलाई विस्तार गर्दै लगिनेछ ।

१६. संस्थागत विकास सुशासन तथा वित्तिय पारदर्शिता

- नगरपालिका भित्र रहेका भुमिहीन सुकुम्वासी,भुमिहिन दलित र अव्यवस्थित बसोवास गरिरहेका व्यक्तिहरुको भुमि सम्बन्धि समस्या स्थायी रुपमा समाधान गर्नको लागि भुमि सम्बन्धी समस्या समाधान आयोगको सहकार्यमा नगरपालिकामा अभिलेखीकरण कार्यलाई निरन्तरता दिइनेछ।
- यस नगरपालिकावाट अध्ययन, रोजगारी र व्यापार व्यवसाय गरी वसेका वौद्धिक व्यक्तित्वहरुसंग राय सल्लाह र सुझावहरु ग्रहण गरी सोही अनुसारका कार्यक्रमहरु तयार गरिनेछ ।
- नगरपालिकाको कार्य सम्पादनमा सघाउ पुग्ने कानुन तथा कार्यविधिहरुको समयानुकुल संशोधन गर्दै लगिनेछ ।
- नगरपालिकाको योजना बैंक,आवधिक योजना र मध्यमकालीन खर्च संरचना तयार गरिनेछ।
- नगरपालिकाको आन्तरिक राजस्व वृद्धि गर्नका लागि राजस्वको दायरामा नपरेका स्रोतहरुलाई राजस्वको दायरामा ल्याइनेछ ।
- कार्यालय व्यवस्थापन, सवारीसाधन व्यवस्थापन र मर्मत, अनुदान र आर्थिक सहायता प्रदान गर्ने कार्यविधि समयसान्दर्भिक बनाउनका लागि संशोधन गरि कार्यन्वयनमा ल्याइनेछ ।
- जनप्रतिनिधि तथा कर्मचारीहरुको आचार संहिता तयार गरी कार्यान्वयनमा ल्याइनेछ ।
- शान्ति सुरक्षा कायम राख्न तथा युवाहरुमा बढ्दो बिकृति रोक्न नेपाल प्रहरी लगाएत विभिन्न संघ संस्थाको सहकार्यमा युवा लक्षित कार्यक्रम संचालन गरिनेछ ।
- कर्मचारीहरुको क्षमता अभिवृद्धिका लागि विभिन्न तालिमहरु संचालन गरिनेछ साथै काममा गुणस्तर र पार्दशिताका लागि प्रोत्साहन स्वरुप सम्मान कार्यक्रमहरु संचालन गरिनेछ ।
- चापाकोट नगरपालिकाबाट सम्पादित हुने कार्यहरुको अनुगमन, मुल्याङकन, वित्तिय सुशासन र आर्थिक पार्दशितामा बिशेष ध्यान दिइनेछ ।
- आर्थिक अनुशासन कायम गर्न बेरुजु सम्परिक्षणको कार्यलाई प्राथमिकतामा राखि अगाडि बढाइनेछ ।

अन्त्यमा

विकास र समृद्धि हाम्रा साझा अभियान हुन यी साझा अभियानमा संगै हातेमालो गरि आ-आफ्नो क्षेत्रबाट भुमिका निर्वाह गर्नको लागि यहाँहरु सबैमा विनम्र अनुरोध गर्दछु । व्यस्त समयको बावजुद पनि यस नगरपालिकाको १७ औं नगरसभामा उपस्थित भई नीती तथा कार्यक्रम सम्बन्धि छलफल कार्यक्रममा सहभागी भईदिनुभएकोमा हार्दिक आभार प्रकट गर्दै आगामि दिनहरुमा यहाहरुको सकरात्मक सहयोगको अपेक्षा गर्दछु ।

धन्यवाद ।

देव बहादुर खाँण
नगर प्रमुख